# चिकित्सा शिक्षा आयोगको
# "नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज" बोर्डमा रिक्त निर्देशक पदमा नाम सिफारिस गर्न गठित सिफारिस समितिको
## दरखास्त आह्वान सम्बन्धी सूचना ।

**(प्रथम पटक प्रकाशित मिति : २०८२/०२/२२)**

चिकित्सा शिक्षा आयोगको नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज बोर्डमा रिक्त निर्देशक पदको नियुक्तिका लागि नाम सिफारिस गर्न ऐनको दफा २९ को उपदफा (६) बमोजिमको सिफारिस समितिबाट मिति २०८२।०२।२१ मा स्वीकृत चिकित्सा शिक्षा आयोगका निर्देशक नियुक्तिका लागि नाम सिफारिस गर्न गठित सिफारिस समितिको कार्य सम्पादन सम्बन्धी कार्यविधि, २०८२ बमोजिम नाम छनोट गरी सिफारिस गर्ने प्रयोजनका लागि देहायको योग्यता पूरा गरेका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिनभित्र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (प्राविधिक शिक्षा शाखा) सिंहदरबारमा कार्यालय समयभित्र दरखास्त पेश गर्न आह्वान गरिएको छ । उम्मेदवारले दरखास्त साथ देहायका कागजात प्रमाणित गरी पेश गर्नुपर्नेछ :

(क) वैयक्तिक विवरण ४ प्रति,

(ख) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा राष्ट्रिय परिचय पत्रको प्रतिलिपि

(ग) शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रतिलिपि,

(घ) चिकित्सा शिक्षा आयोगको नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको कामसँग सम्बन्धित दक्षता भएको व्यहोरा खुल्ने प्रमाण वा स्वघोषणा ।

(ङ) राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरका जर्नलमा प्रकाशित विषय क्षेत्रसँग सम्बन्धित बढीमा १० वटा खोज अनुसन्धानमूलक लेख रचना तथा प्रकाशनहरूको वेबसाइट लिङ्क वा प्रकाशित प्रति, सम्बद्ध क्षेत्रसँग सम्बन्धित तालिम दिएको वा लिएको प्रमाणको प्रतिलिपि,

(च) प्राध्यापक वा नेपाल सरकारको विशिष्ट श्रेणीको पदमा नियुक्त भएको नियुक्ति पत्र तथा सो पदमा सेवा गरेको वर्ष, महिना र दिन खुलेको विवरण तथा प्रमाण,

(छ) सम्बद्ध क्षेत्रमा काम गरेको अनुभव खुल्ने विवरण तथा प्रमाण

(ज) सम्बद्ध क्षेत्रमा उत्कृष्ट व्यवस्थापकीय सीप तथा कौशल र व्यावसायिकता प्रदर्शन गरेको व्यहोरा खुल्ने प्रमाण,

(झ) चिकित्सा शिक्षा सम्बन्धी कुनै पनि शिक्षण संस्थाको सञ्चालक समितिमा नरहेको, लगानीकर्ता वा शेयरहोल्डर नभएको हुँदा चिकित्सा शिक्षा आयोगसँग कुनै किसिमको स्वार्थको (Conflict of Interest) नभएको तथा स्वच्छ छवि भएको व्यहोरा खुलेको स्वघोषणा,

(ञ) चिकित्सा शिक्षा आयोगको बोर्डको नेतृत्वदायी भूमिका वहन गर्ने सम्बन्धी चार वर्षे व्यावसायिक कार्ययोजना (Professional Work Plan) सहितको बढीमा ३००० शब्दको सोचपत्र (Vision Paper) ३ प्रति । व्यावसायिक कार्ययोजना (Professional Work Plan) सहितको सोचपत्र (Vision Paper) पृष्ठको एकातर्फ मात्र टाइप गरेको हुनुपर्ने, आफूलाई चिनाउने कुनै चिह्न वा सङ्केत गर्न नपाइने र सिलबन्दी गरी बुझाउनुपर्नेछ ।

**थप जानकारीका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको वेबसाइट www.moest.gov.np मा हेर्न सकिनेछ ।**